का.जि.प्र.का.द.नं. १००/०५९/६०

१० वैशाख २०७९,
शनिबार
23 April 2022,
Saturday

मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २०, अंक ७७ । पृष्ठ १२ | Madhyanha National Daily | www.madhyanhadaily.com

एमाले निष्कर्ष

# राजनीतिक कोर्स नबदलिए थप संकट

स्थानीय चुनाव आउन २३ दिन बाँकी रहँदा शुक्रबार प्रमुख विपक्षी दल नेकपा एमालेले घोषणापत्र सार्वजनिक गरेको छ । ४८ पृष्ठ लामो घोषणापत्रमार्फत् 'समृद्ध नेपाल, सुखी नेपाली'को आकांक्षा पूरा गर्न मतदातासँग मत मागेको छ । एमालेले गठबन्धन सरकार कायमै रहने परिस्थितिले मुलुक थप संकटतर्फ धकेलिने निष्कर्ष पनि निकालेको छ ।



**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, ९ वैशाख ।

प्रमुख विपक्षी दल नेकपा एमालेले स्थानीय चुनावका निम्ति घोषणापत्र सार्वजनिक गरेको छ । च्यासलस्थित तुलसीलाल स्मृति भवनमा पार्टी कार्यालय समेत सार्दै एमालेले शुक्रबार घोषणापत्र सार्वजनिक गरेको हो । ७५३ वटै स्थानीय तहले समेत अलग-अलग घोषणापत्र सार्वजनिक गरेको एमालेका अध्यक्ष केपी शर्मा ओलीले ४८ पृष्ठ लामो संघीय घोषणापत्र सार्वजनिक गरे ।

घोषणापत्रमा एमालेले बिगतमा आफ्नो नेतृत्व सरकारले गरेको राम्रो काम, सत्ताबाट बाहिरिनुपर्ने कारण र मतदातासँग नयाँ प्रतिबद्धता जनाएको छ । घोषणापत्रको पहिलो भागमा एमालेले आउने ३० वैशाखमा स्थानीय चुनाव आफ्नै दबावका कारण हुन लागेको उल्लेख गरेको छ । स्थानीय सरकारलाई नीतिगत र संस्थागत रुपमा बलियो बनाने काम एमालेले नै गरेको दावी गरेको छ ।

०७४ को स्थानीय चुनावमा ४० प्रतिशत जनप्रतिनिधि एमालेबाट निर्वाचित भएकाले स्थानीय सरकार संस्थागत हुन सकेको दावी गरेको छ । तर संघीय सरकारबाट भने साढे तीन वर्षमै हट्नुपर्ने कारण भने पार्टीभित्रै दक्षिणपन्थी र अवसरवादी समूह भएको निष्कर्ष उल्लेख छ ।

'नेपाललाई सधैंभरि अस्थिर, अस्तव्यस्त र असफल बनाइराख्ने एवम् त्यसभित्रै आफ्नो स्वार्थ पूर्ति गर्न चाहनेहरुका लागि यी उपलब्धी र नेपाल राष्ट्र एवम् नेपाली जनताको बलियो बन्दै गएको सामर्थ्य स्वीकार्य भएन' घोषणापत्रमा भनिएको छ, 'संवैधानिक व्यवस्थाका कारण पहिलो दुई वर्ष सरकार परिवर्तन गर्नु संभव थिएन । तर तेस्रो वर्ष शुरु भएपछि भने अस्थिरताका शृङ्खला शुरु भए ।'

त्यसमा तत्कालीन नेकपाभित्रकै नेताहरु प्रयोग हुँदा प्रतिनिधिसभा विघटन हुने परिस्थिति सिर्जना भएको घोषणापत्रमा उल्लेख छ । 'अस्थिरताका यी प्रयाशलाई परास्त गर्न प्रतिनिधिसभाको विघटन गर्नुपर्ने बाध्यात्मक परिस्थिति सिर्जना भयो', एमालेको प्रष्टोक्ति छ । नेतृत्वलाई घेराबन्दी गर्ने प्रयास असफल पार्नकै निम्ति प्रतिनिधिसभा विघटन गरिएको उल्लेख भएको घोषणापत्रमा गठबन्धन सरकार बनेपछि मुलुक थप संकटतर्फ उन्मुख भएको निष्कर्ष छ ।

जबकी एमाले सरकार हुँदा मुलुकको राजनीतिक, आर्थिक, सामाजिक, कुटनैतिक सूचक राम्रो रहेको दावी गरिएको छ । घोषणापत्रको खण्ड-४ मा एमालेले पूर्वाधार, सामाजिक, आर्थिक, कुटनैतिक लगायत अध्यक्ष केपी शर्मा ओली नेतृत्व सरकारको अवधिमा भएको काम उल्लेख गरिएको छ । रेल, नयाँ नाका, अन्तर्राष्ट्रिय विमानस्थल, हुलाकी राजगार्ग, सडक कालोपत्र, स्थानीय तहका कार्यालय निर्माण, आर्थिक बृद्धिदर, नेपालीहरुको औसत आयु बृद्धि लगायत एमाले नेतृत्वको सरकारकै पालामा सम्भव भएको घोषणापत्रमा उल्लेख छ ।

घोषणापत्र मार्फत् एमालेले गठबन्धन सरकारको विकल्प खोज्न ढिलाइ गर्न नहुने सन्देश दिएको छ । 'यी सबै तथ्य र विषयले दक्षिणपन्थी अवसरवादी गठबन्धनबाट मुलुकलाई छिटोभन्दा छिटो मुक्ति दिलाउन अनिवार्य भको थप स्पष्ट पारेका छन्', एमालेको आह्वान छ । तर गठबन्धन सरकार रहने परिस्थिति बने मुलुक थप संकटतर्फ जाने एमालेको निष्कर्ष छ ।

## काठमाडौं बस्न लायक बन्छ !

**शिवराज परियार/मध्यान्ह**
काठमाडौं, ९ वैशाख ।

नेकपा एमालेले काठमाडौंलाई बस्न लायक बनाउने मुख्य योजनासहितको प्रतिवद्धतापत्र ल्याएको छ । शुक्रबार काठमाडौं महानगर कमिटीले सार्वजनिक गरेको प्रतिवद्धतापत्रमा ध्वनी तथा वायु प्रदूषणलाई न्यूनीकरण गरेर बस्न लायक बनाउने उल्लेख छ । प्रतिवद्धतापत्रमा भनिएको छ, 'ध्वनी तथा वायु प्रदूषणलाई न्यूनीकरण गरी काठमाडौंको बसोवास उपयुक्तताको बृद्धि गरिनेछ ।'

बसोबास उपयुक्तताका लागि खास किसिमको पहिचान र प्रयोगको बाहुल्यता भएका क्षेत्रहरूमा सोही अनुसारको भूउपयोग र अन्य क्षेत्रका हकमा मिश्रित भू-उपयोगलाई प्रवर्द्धन गर्न अध्ययन गर्ने प्रतिवद्धता व्यक्त गरिएको छ ।

नगरबाट प्रवाह गरिने सार्वजनिक सेवालाई स्वच्छ, निष्पक्ष, पारदर्शी र सेवाग्राहीमैत्री बनाउने एमालेको योजना छ । सार्वजनिक पार्क, सडक, सडक बत्ती, भवन लगायत सार्वजनिक सम्पत्ति ब्यबस्थापन लागि कार्ययोजना बनाई लागू गर्ने भनिएको छ ।

भूमिहीन दलित, सुकुम्वासी तथा अव्यवस्थित बसोवासीको पहिचान गरी भूमि सम्बन्धी समस्या समाधान आयोग मार्फत समस्याको संवोधन गर्ने, सम्भाव्य स्थानहरुमा जग्गा एकीकरण तथा हाउस पुलिङ्ग आयोजना सञ्चालन गर्ने योजना पनि अगाडि सारिएको छ ।

### संस्कृतिमा जोड

नेकपा एमालेले काठमाडौंको रैथाने सस्कृति संरक्षणमा पनि जोड लिने नीति लिने भनेको छ । एमाले महानगरकमिटीले 'मेड इन काठमाडौं' को नारा दिएर काठमाडौंका रैथाने उत्पादनहरुको प्रवर्द्धन गर्ने प्रतिवद्धता व्यक्त गरिएको

– बाँकी पृष्ठ २ मा

तालमेलको असर

## असन्तुष्ट फकाउनै गाह्रो



**कान्ति न्यौपाने/मध्यान्ह**
काठमाडौं, ९ वैशाख ।

बाँकेको नेपालगञ्ज उपमहानगरको नेतृत्वका आकांक्षी थिए- नन्दलाल वैश्य । उनलाई माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहालले नेपालगञ्जको मेयरको तयारी गर्न निर्देश पनि गरेका थिए । सोही अनुसार उनले नेपालगञ्ज बजार क्षेत्रमा एक महिना अगाडि देखि नै आफ्नो चुनावी प्रचार सामाग्रीहरु सडक आसपासमा टाँगेका थिए ।

तर, पाँच दलीय सत्तागठबन्धनले नेपालगञ्जको मेयर कांगेसले पाउने गरी भागवण्डा गरेपछि वैश्य रुष्ट भए । मेयर नपाउने भएपछि उनी माओवादी छाडेर राप्रपा प्रवेश गरे ।

> पाँच दलीय सत्तागठबन्धनले महानगरपालिका र उपमहानगरपालिकामा भागवण्डा टुंग्याएपछि असन्तुष्ट नेता/कार्यकर्ताले पार्टी नै छाड्न थालेका छन् । नेतृत्वको आकांक्षा राखेकाहरुले गठबन्धनका कारण अवसर नपाउने देखेपछि पार्टी नै छाडेको देखिन्छ ।

यस्तो उदाहरण देशका अन्य बिभिन्न पालिकाहरुमा समेत देखा परेको छ । गठबन्धनप्रति तीव्र असन्तुष्टि जनाएका नेपाली कांग्रेसको कैलाली जिल्लाका ९१ जनाले नेता-कार्यकर्ताले सामूहिक राजीनामा नै दिए । धनगढी उप-महानगरपालिका वडा नम्बर १८ का वडा समिति सभापति भक्तबहादुर थापासहितका क्रियाशील सदस्यहरूले पार्टी त्यागेको घोषणा गरेका हुन् ।

पार्टी परित्याग गर्नेहरुमा कांग्रेस कैलालीका पूर्वजिल्ला सदस्य लक्ष्मीप्रसाद देवकोटा, पूर्वक्षेत्रीय उपसभापति कुम्भराज गिरी, पूर्ववडाध्यक्ष सालीभान खड्का लगायत रहेका छन् । कैलालीमा मात्रै होईन,जनकपुरमा पनि काँग्रेस कार्यकर्ताहरुले पार्टी छाड्ने चेतावनी दिएका छन् ।

जनकपुरधाम उपमहानगरपालिकाको मेयर पदको उम्मेदवारी गठबन्धन दल जसपाले पाएपछि असन्तुष्ट नेता तथा कार्यकर्ताले सामूहिक राजीनामा दिने तयारी गरेका हुन् । भरतपुर महानगरका २९ वटै वडा समितिका सभापतिहरुले महानगरको मेयर नछोड्न जिल्ला नेतृत्वलाई दबाब दिँदै अन्यथा पार्टी छाड्ने चेतावनी दिएका थिए । उक्त स्थानमामा ओवादी केन्द्रलाई मेयर दिने सत्तागठबन्धनको सहमति छ । पोखरा र अन्य उपमहानगरपालिकामा पनि कांग्रेसले नेतृत्व नपाएको भन्दै नेता कार्यकर्ताहरुको असन्तुष्टि बढेको देखिन्छ । तर, नेपाली कांग्रेसका नेता रामचन्द्र पौडेल सत्तागठबन्धन जोगाएर लैजानुको विकल्पन भएको भन्दै सबै

– बाँकी पृष्ठ २ मा

## मतदाता नामावली परिमार्जन नहुने

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, ९ वैशाख ।

स्थानीय तहको निर्वाचन अगाडि मतदाता नामावली परिमार्जन नहुने भएको छ। निर्वाचन आयोगले ३० बैशाखका लागि तय भएको मतदाता नामावलीमा थपघट वा हेरफेर नहुने बताएको प्रष्ट पारेको छ ।

आयोगले १३ चैत २०७९ मा मतदाता नामावलीको अन्तिम सूची प्रकाशित गरेको थियो । तर अहिले पनि नामावली सार्न र सच्याउन निवेदन आइरहेको भन्दै आयोगले १३ चैत २०७९ मा प्रकाशित अन्तिम मतदाता नामावलीमा कुनै संशोधन, परिमार्जन वा हेरफेर गर्न नसकिने बताएको छ ।

> 'नामावली सार्न र सच्याउन निवेदन आइरहेको छ । तर, अब मतदाता नामावली परिमार्जनमा कुनै संशोधन, परिमार्जन वा हेरफेर गर्न सकिन्न ।'
>
> **शालिग्राम शर्मा पौडेल**
> प्रवक्ता, निर्वाचन आयोग

आयोगका प्रवक्ता सालिगराम शर्मा पौडेलले शुक्रवार एक विज्ञप्ति जारी गर्दै मतदाता नामावली संकलन कार्य सम्पन्न गरेर अन्तिम मतदाता नामावली प्रकाशन भइसकेकाले अब कुनै पनि हेरफेर नहुने जनाएको हो । 'नामावली सार्न र सच्याउन निवेदन आइरहेको छ । तर, अब मतदाता नामावली परिमार्जनमा कुनै संशोधन, परिमार्जन वा हेरफेर गर्न सकिन्न' प्रवक्ता पौडेलले भनेका छन् ।

मतदाता नामावली थपघट गर्न, हेरफेर गर्ने लगायतका कार्य नितान्त आयोगको क्षेत्राधिकार भित्र रहेको र यस सम्बन्धमा मतदाता नामावली ऐन,२०७३ को दफा २९ बमोजिम कुनै अदालतमा प्रश्नसमेत उठाउन नपाइने आयोगका प्रवक्तासमेत रहेका सहसचिव शालिग्राम शर्माले विज्ञप्तिमार्फत जानकारी दिएका हुन् । मतदाता नामावली ऐन, २०७३ मा निर्वाचनको मिति घोषणा भएपछि उक्त निर्वाचनको

– बाँकी पृष्ठ २ मा

## वैदेशिक रोजगारीका लागि 'एक स्थानीय तह एक तालिम केन्द्र' : एमाले

वैदेशिक रोजगार विशेष

**मध्यान्ह संवाददाता**
काठमाडौं, ९ वैशाख

नेकपा एमालेले वैदेशिक रोजगारीमा जानेका लागि एक स्थानीय तहमा न्यूनतम एउटा सीपमूलक तालिम दिने संस्था निर्माण गर्ने घोषणा गरेको छ । नेपाल कम्युनिष्ट पार्टीको ७४औं स्थापना दिवसको अवसर पारेर शुक्रबार सार्वजनिक गरिएको स्थानीय तह निर्वाचन २०७९ को घोषणापत्रमा एमालेले वैदेशिक रोजगारका सम्बन्धलाई जोड्दै उक्त घोषणा गरेको हो ।

एमालेले घोषणापत्रमा वैदेशिक रोजगारमा जानेका लागि एक स्थानीय तहमा एक तालिम केन्द्र स्थापनासँगै विदेशबाट फर्केका व्यक्तिहरूको ज्ञान, सीप र पुँजीको सदुपयोग गर्नेसम्बन्धी कार्यक्रम सञ्चालन गर्ने उल्लेख गरेको छ । समृद्धिका लागि सहकारी स्थानीय पुँजीको संकलन, उद्यमशीलताको विकास, उत्पादन वृद्धि, रोजगारी सिर्जना र गरिबी निवारण गर्न सहकारीलाई विकास गर्ने भन्दै एमालेले युवाहरूलाई स्वदेशमै रोजगारी, सम्मान र समृद्धि गर्न सार्वजनिक, निजी र सहकारी माध्यमद्वारा औद्योगीकरण गर्दै उत्पादन वृद्धि गरी रोजगारी सिर्जना, गरिबी निवारण र आत्मनिर्भर अर्थतन्त्र निर्माण गर्ने बताएको छ ।

बेरोजगारी समस्याको समाधानको लागि प्रत्येक पालिकामा कम्तीमा एउटा औद्योगिक ग्राम र प्रत्येक प्रदेशमा कम्तीमा एउटा औद्योगिक क्षेत्र स्थापना र सञ्चालन गर्ने भन्दै एमालेले उद्यमशीलता विकास, तालिम र बीउ पुँजीको व्यवस्था गर्ने, अर्धदक्ष श्रमिकको विकासका लागि सीप विकास, तालिम र पुनर्ताजगीको तालिमको व्यवस्था गर्ने पनि बताएको छ ।

केही समयअघि स्थानीय तहमा स्थापना गरिएका रोजगार सूचना केन्द्रलाई थप प्रभावकारी बनाउँदै बेरोजगारको तथ्यांक संकलन गरी उनीहरूलाई प्रधानमन्त्री रोजगार कार्यक्रममा आवद्ध गर्ने बताएको छ ।

यसअघि घोषणा गरिएका सरकारी कार्यक्रम असफल भएपनि एमालेले स्वरोजगार बन्न चाहने बेरोजगारलाई सहुलियत ऋण वा अनुदान सहयोग उपलव्ध गराउने विषयलाई घोषणापत्रमा छुटाएको छैन ।

एमालेले आफ्नो नेतृत्वको सरकारको पालामा पालिकाहरूमा रोजगार सचूना केन्द्र स्थापना र बेरोजगारहरूको तथ्यांक संकलन, प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत न्यूनतम सय दिनको रोजगारी वा बेरोजगार भत्ताको शुरुवात, पुनःनिर्माणको क्रममा ४० करोड श्रम दिन बराबरको रोजगारी सिर्जना, १ लाख दक्ष र १० लाख अर्धदक्ष जनशक्तिलाई रोजगारी प्रदान, सहुलियतपूर्ण ऋणमार्फत डेढ लाख रोजगारी सिर्जना गरेको पनि दाबी गरेको छ ।

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com
१० वैशाख २०७९, शनिबार
23 April 2022, Saturday

# मनाङमा निर्वाचनको तीव्र तयारी

**नविन लामिछाने/रासस**
मनाङ, ९ वैशाख



यही वैशाख ३० गते हुने स्थानीय निर्वाचनका लागि हिमालपारिको जिल्ला मनाङमा मुख्य निर्वाचन अधिकृतसँगै निर्वाचन अधिकृतको कार्यालय स्थापना गरिएको छ ।

जिल्लाको चामे गाउँपालिका पनि हेर्नेगरी बिहीबार मुख्य निर्वाचन अधिकृतको कार्यालयसहित जिल्लामा अन्य तीन वटा पालिकामा निर्वाचन अधिकृतको कार्यालय स्थापना गरिएको हो ।

जिल्ला अदालत मनाङको कार्यालयमा मुख्य निर्वाचन अधिकृतको कार्यालय स्थापना गरिएको छ । कार्यालय स्थापना कार्यक्रममा मुख्य निर्वाचन अधिकृत एवं जिल्ला न्यायाधीश पुनाराम खनालले निष्पक्ष, स्वतन्त्र र भयरहित तरिकाले निर्वाचन गराउनका लागि कार्यालय प्रतिबद्ध रहेको बताए ।

उनले भने, ‘हामीसँगै सबैले आआफ्नो क्षेत्रबाट निर्वाचनमा सहयोग गर्न जरुरी छ । सबैको सहयोगको अपेक्षा गरेका छौँ’, जिल्लाका अन्य तीनवटै पालिकामा पनि बिहीबारै निर्वाचन कार्यालय स्थापना गरिएको उनले बताए । शान्त र भयरहित तरिकाले निर्वाचन गराउनका लागि प्रतिबद्ध रहेको प्रमुख जिल्ला अधिकारी रविन्द्रप्रसाद आचार्यले बताए ।

निर्वाचनमा सहभागी सबैको सुरक्षाको प्रत्याभूति हुनेगरी जिल्लामा सुरक्षा योजना बनाएको उनले बताएका छन् । निर्वाचन आयोगले जिल्ला अदालतका न्यायाधीश पुनाराम खनाललाई जिल्लाको मुख्य निर्वाचन अधिकृतको जिम्मेवारी तोकेको छ । आयोगले नासों गाउँपालिकाका लागि जिल्ला अदालतका स्रेस्तेदार तारादत्त बडू, नार्पाभूमि गाउँपालिकाका लागि सरकारी वकिल कार्यालयका दिनेशकुमार रेग्मी र ङिस्याङ गाउँपालिकाका लागि सरकारी वकिल कार्यालयका केदारनाथ उपाध्यायलाई निर्वाचन अधिकृत तोकेको छ ।

जिल्लाको चारवटै पालिकामा स्थापना भएको निर्वाचन अधिकृत कार्यालयमा आवश्यक सुरक्षार्थका निकायहरु खटाइसकेको छ । निर्वाचनका लागि जिल्लामा २०० कर्मचारी खटाइनेछ ।

मतदाता संख्या

यही वैशाख ३० मा गते हुने स्थानीय तहको निर्वाचनका लागि जिल्लामा २८ वटा मतदानस्थललाई नै केन्द्र निर्धारण गरिएको छ । जिल्लामा कूल छ हजार ४९६ मतदाता छन् । ती मतदातामध्ये तीन हजार ३४८ महिला र तीन हजार १४८ पुरुष मतदाता रहेको निर्वाचन कार्यालयले जनाएको छ ।

जिल्लाको चार स्थानीय तहमध्ये नार्पाभूमि गाउँपालिकामा महिला २५०, पुरुष १९८ जना गरी कूल ४४८ मतदाता रहेका छन् । चामे गाउँपालिकामा महिला ३६८, पुरुष ३४३ जना गरी कूल ७११ जना, नाँसो गाउँपालिकामा महिला ९४५, पुरुष ८५७ जना गरी कूल एक हजार ८०२ जना रहेका छन् ।

यस्तै मनाङ ङिस्याङ गाउँपालिकामा महिला एक हजार ७८५, पुरुष एक हजार ७५० जना गरी तीन हजार ५३५ मतदाता सङ्ख्या रहेका छन् । मनाङ देशभरको सबैभन्दा कम मतदाता रहेको जिल्ला हो । विकट र थोरै जनसङ्ख्या रहेको जिल्ला हो ।

गठबन्धन गर्ने

नेपाली कांग्रेस मनाङले पाँच दलीय गठबन्धनको निर्णयानुसार मनाङ जिल्लामा गठबन्धन गरेर जाने निर्णय गरेको छ । काठमाडौँमा बसेको कांग्रेस र माओवादी केन्द्रका नेताको बैठकमा स्थानीय तह, प्रदेश र प्रतिनिधिसभाको निर्वाचनमा गठबन्धन गर्ने सहमति भएको मनाङ कांग्रेसका सभापति शंकर गुरुङले जानकारी दिनुभयो । जिल्लामा चार वटा गाउँपालिका छन् । एउटा प्रतिनिधिसभा र दुई प्रदेशसभा छन् ।

कांग्रेसका केन्द्रीय सदस्य टेकबहादुर गुरुङले मनाङमा गठबन्धनका दल मिलेर जाने भएपछि कुनै समस्या नरहेको बताएका छन् । गठन्धन गर्ने विषयमा माओवादी केन्द्रका नेता एवं पूर्वमन्त्री देवप्रसाद गुरुङले पनि सहमति जनाएका छन् । कांग्रेस र माओवादीले नेकपा (एकीकृत समाजवादी)लाई पनि सँगै लैजाने सहमति गरेका छन् ।

स्थानीय तहको निर्वाचनका लागि जिल्लामा छ वटा मान्यता प्राप्त दलबाहेक थप पाँच वटा दल दर्ता भएका छन् । राष्ट्रिय प्रजातन्त्र पार्टी, राष्ट्रिय प्रजातन्त्र पार्टी नेपाल, नेकपा समाजवादी पार्टी, सामाजिक एकता पार्टी र उन्नत लोकतान्त्रिक पार्टी दर्ता भएका हुन् ।

म्यादी प्रहरी

जिल्लामा छिमेकी जिल्ला लमजुङबाट म्यादी प्रहरी ल्याइएको छ । यहाँ मागभन्दा कम संख्यामा म्यादी प्रहरीमा भर्ना भएपछि छिमेकी जिल्ला लमजुङबाट ८३ म्यादी प्रहरी ल्याइएको जिल्ला प्रहरी कार्यालय मनाङका प्रहरी नायब उपरीक्षक प्रेमसागर केसीले बताए ।

उनका अनुसार यहीँ वैशाख ३० गते हुने स्थानीय तह निर्वाचनका लागि जिल्लामा २५८ म्यादी प्रहरी आवश्यक थियो । तर यहाँ १४२ जनाको मात्रै भर्ना भएका पछि लमजुङबाट ८३ जना म्यादी प्रहरी ल्याएको हो । जिल्लामा चैत ६ देखि ११ गतेसम्म निवेदन लिने समय रहेकामा मागभन्दा कमले आवेदन दिएका थिए ।

यहाँ माग संख्याभन्दा कमको आवेदन परेपछि विगतको निर्वाचनमा पनि छिमेकी जिल्लाबाट ल्याएर माग पूर्ति गर्नुपर्ने अवस्था रहँदै आएको छ ।

# तीन महिना पूरा भएपछि बुस्टर खोप लगाउन मिल्ने




**काठमाडौं/मस–** स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले कोरोना भाइरस विरुद्धको खोप तीन महिना पूरा भएपछि पुनःबुस्टर खोप लगाउने भएको छ ।

यसअघि पूर्ण मात्रा खोप लगाएको ६ महिना पूरा भएकालाई मात्र बुस्टर खोप लगाउने मिल्ने भएता पनि अबदेखि पूर्ण मात्रा खोप लगाएको तीन महिना पूरा गरेकालाई बुस्टर खोप दिन थालिएको मन्त्रालयका सहप्रवक्ता डा.समीर कुमार अधिकारीले जानकारी दिए ।

पछिल्लो अध्ययनले पूर्ण खोप लगाइएको तीन महिना पूरा भएकालाई पनि बुस्टर खोप लगाउने मिल्ने देखिएको हो । मन्त्रालयले १८ वर्षदेखि माथिका उमेर समूहलाई पूर्ण खोप लगाएको तीन महिना पूरा भएकालाई बुस्टर मात्रा खोप लगाउन आग्रह गरेको छ ।

# साउदी अरेबियाको रियादमा सिधा उडान




**काठमाडौं/रासस–** राष्ट्रिय ध्वजावाहक नेपाल वायु सेवा निगम (नेपाल एयरलाइन्स)ले शुक्रबारदेखी साउदी अरेबियाको रियादमा सिधा उडान शुरु गरेको छ । निगमको वाइड बडी ए ३३० जहाजले रियादमा शुभारम्भ उडान भरेको हो ।

उद्घाटन उडानमा विभिन्न मन्त्रालयका उच्च अधिकारी, निगमका कार्यकारी अध्यक्ष युवराज अधिकारीसहित विभिन्न विभागका प्रतिनिधि, व्यवसायीलगायत सहभागी छन् । निगमका अध्यक्ष अधिकारीले विविध बाधा अवरोधलाई पन्छाउँदै रियादमा ऐतिहासिक उडान शुरु गरिएको बताए ।

उनले संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्रीको नेतृत्व र मन्त्रालयको टिम तथा नेपाल नागरिक उड्डयन प्राधिकरणको समन्वयमा रियाद उडान सञ्चालन गर्न सफल भएकोमा सबैप्रति आधार प्रकट गरे । साथै उनले परराष्ट्र मन्त्रालयलगायत सबै शुभेच्छुक एवं सहयोगीप्रति धन्यवाद व्यक्त गरे ।

निगमले हालै रियाद, दमाम र जेद्दामा उडानको अनुमति पाएको थियो । रियादस्थित नागरिक उड्डयन कार्यालयको जेनरल अथोरिटी अफ सिभिल एभिएसन्सले त्यहाँका तीनवटा सहर जेद्दा, दमाम र रियादमा दुईतर्फी उडानको अनुमति दिएको थियो । निगमले पहिलो चरणमा वैशाख ९ (आज) गतेदेखि काठमाडौं-रियाद-काठमाडौंसातामातीन उडान गर्नेछ ।

### एकतर्फी ३७ हजार भाडा

काठमाडौं-रियाद गन्तव्यका लागि एकतर्फी भाडादर रु ३७ हजार कायम गरिएको जनाइएको छ । निगमका प्रवक्ता अर्चना खड्काले हाललाई एकतर्फी भाडादर कायम गरिएको बताए । निगमले साउदी अरेबिया उडानका लागि वाइडबडी र न्यारोबडी दुवै जहाजले उडान गर्नेगरी ‘स्लट’ पाएको छ ।

यो गन्तव्यको उडानमा निगमले सहुलियतपूर्ण भाडादर, यात्रुलाई सुविधा ‘इनफ्लाइट’ खाना तथा रियादबाट फर्कंदा यात्रुले ४० केजी लगेज सुविधा पाउनेछन् । काठमाडौं-रियाद एकतर्फी उडान अवधि छ घण्टा १५ मिनेट र रियाद-काठमाडौं उडान अवधि चार घण्टा ५० मिनेटको हुने निगमले जनाएको छ ।

नेपाली कामदारको बाहुल्य रहेको मुलुक साउदी अरबको उडानले निगमलाई आर्थिकरूपमा लाभ हुनसक्ने अनुमान गरिएको छ । विभिन्न पेसा व्यवसायमा पनि साउदीका विभिन्न गन्तव्यमा नेपाली छन् । अन्य मुलुकबाट ट्रान्जिट भएर आउन पनि यात्रुलाई सहज हुने भएकाले यो गन्तव्य उपयोगी हुने विश्वास गरिएको छ ।

### आठ देशका १० गन्तव्यमा उडान विस्तार

नेपाली ध्वजावाहक वायुसेवा निगमको रियादको उडानसँगै अब आठ देशका १० गन्तव्यमा नियमित उडान हुने भएको छ । निगमले यसअघि भारतका तीनसहित सात देशका नौ गन्तव्यमा उडान भर्दै आएको थियो । निगमले भारतको नयाँदिल्ली, मुम्बई, बैंग्लोर, दुबई, दोहा, क्वालालम्पुर, हङ्कङ, बैङ्कक र जापानको नारितामा अन्तर्राष्ट्रिय उडान गर्दै आएको छ ।

देशको शान र पहिचान जोडिएको निगमको अन्तर्राष्ट्रिय गन्तव्यको उडानले कूटनीतिक सम्बन्ध विस्तार र बढीभन्दा बढी विदेशी पर्यटक भित्र्याउन राष्ट्रिय ध्वजावाहकको ऐतिहासिक भूमिका रहँदै आएको छ र अगामी दिनमा पनि यो कायमै रहने निगमको विश्वास छ । कार्यकारी अध्यक्ष अधिकारीले निगमको व्यवस्थापन सुधारदेखि सेवा सुदृढीकरण र बजार विस्तारमा निगम व्यवस्थापन अहोरात्र लागिपरेको बताए । व्यवस्थापनको मेहनत, कर्मचारीको साथ र सहयोगले नै छोटो समयमा निगमभित्र धेरै सकारात्मक परिवर्तन गरिएको र यसलाई परिणाममुखी बनाउन निगम अग्रसर रहेको उनको भनाइ छ ।

अन्य काममा पनि निगमभित्रका कर्मचारीको सहयोग र तालुकदार मन्त्रालय र नियामक निकायसँगको समन्वयमा केही नतिजामुखी काम भएको पनि अध्यक्ष अधिकारीको जिकिर थियो ।

# पीडित छन् मुक्त कमैया, कम्लहरी



**काठमाडौं/रासस –** मुक्त घोषणा गरिए पनि कमैया, कम्लहरी, हलियाका साथै हरवाचरवाको समस्या अझै ज्यूँका त्यूँ रहेको पाइएको छ । कतिपय परिचयपत्र पाएर पनि पुनःस्थापन प्रक्रियामा छुटेका छन् भने विविध सामाजिक आर्थिकलगायत विविध समस्याबाट पीडित हुँदै आएका छन् । कम्लहरी हिंसाको शिकारसमेत भएका, कतिपय बेपत्ता रहेका र कतिपयको हत्या भएको पाइएको भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयद्वारा गठित अध्ययन समितिको प्रतिवेदनले औँल्याएको छ ।

अध्ययन समितिका संयोजक बुद्धिजीवि श्याम श्रेष्ठले मुक्त कमैया, कम्लहरी, हलिया र हरवाचरवाका तथ्याङ्क जनगणनामै समावेश नभएको र उनीहरूले तोकिएको अधिकारसमेत प्राप्त गर्न नसकेको पाइएको बताए । ‘कम्लहरी कुमारी आमा बन्न बाध्य छन्, हिंसाका शिकार भएका छन् भने हत्या र बेपत्ताका घटनासमेत भएको पाइएको छ’, उनले भने, ‘नमूना हलिया वस्तीमा उनीहरू पाउनै गाह्रो छ ।’

सरकारले विसं २०५७ मा कमैया मुक्तिको घोषणा गरेको थियो भने २०६५ मा हलिया र २०७० मा कम्लहरी मुक्तको घोषणा गरेको तर पूर्वीतराईमा रहेका हरवाचरवाका विषय भने अझै मौन छ । उनीहरूमध्ये केही सीमित अपेक्षित जमिन, घर वैकल्पिक रोजगारी पाएकाको जीवनमा केही परिवर्तन भए पनि ठूलो सङ्ख्यामा छुटेका र उनीहरू समस्याग्रस्त भएर बसिरहेका पाइएको छ ।

उनीहरू वर्गीकरणमा समेत छुटेका, दिइएको सीपसमेत बीउ पूँजि, तालिम, औजारको अभावमा खेर गएको छ । कतिपयले तोकिएअनुसार जमिन प्राप्त नगरेका पाइएको प्रतिवेदनमा उल्लेख छ । मन्त्रालयले उनीहरूको समस्या पहिचानका लागि गत मङ्सिर ८ गतेको मन्त्रीस्तरीय निर्णयले श्रेष्ठको संयोजकत्वमा पाँच सदस्यीय अध्ययन समिति बनाएको थियो । सो समितिले २५ दिन लगाएर अध्ययन गरेको थियो ।

संयोजक श्रेष्ठका अनुसार राज्यबाट २७ हजार ५०० मुक्त कमैया प्रमाणित भए पनि २७ हजार २१ ले मात्रै जमिन र घर प्राप्त गरेका पाइएको छ । उनीहरूलाई दिइएको तालिमको पनि उपयोग हुन सकेको छैन । मुक्त कमैया परिचयपत्र पाएकामध्ये ८४ प्रतिशत मात्र पुनःस्थापनका लागि योग्य ठहर्याइएको पाइएको छ । प्रतिवेदनअनुसार पुनःस्थापनको प्याकेजमा पनि गडबडी भएको छ । यस्तै सबै प्रक्रिया पूरा भएर पनि १७ प्रतशत कमैया उक्त प्याकेज पाउनबाट वञ्चित रहेका पाइएको छ ।

यस्तै जमिन पाउन योग्य ठहऱ्याइएका नौ प्रतिशत कमैया जमिन प्राप्त गर्नबाट वञ्चित रहेका पाइएको श्रेष्ठले जानकारी दिए । बाँके जिल्ला बाहेक १२ हजार बढी छुट कमैया रहेको अध्ययन प्रतिवेदनले उल्लेख गरेको छ ।

कम्लहरीको हकमा पनि धेरै समस्या देखेको र सात हजार १३८ले परिचयपत्र नै प्राप्त गर्न नसकेका पाइएको छ । उनीहरू यौन हिंसाको शिकार भएका र २७ कम्लहरी बेपत्ता रहेका प्रतिवेदनमा उल्लेख छ । पाँच जनाको हत्यासमेत भएको जनाइएको छ । उनीहरू दोषीमाथि कारवाही र क्षतिपूर्तिको प्रतिक्षामा रहेका औँल्याइएको छ ।

हलियाको पनि छुट सङ्ख्या अत्यधिक रहेका देखिएकाले उनीहरूको पुनःस्थापनमा ठूलो दोष रहेको औँल्याइएको छ । झण्डै १४ हजार हलियाले परिचयपत्र पाएकामा १२ हजार ८२० मात्र पुनःस्थापित भएका छन् । वर्गीकरणसमेतमा त्रुटी भएको र राजनीतिकलगायत विभिन्न कारणले उनीहरू छुटेका छन् । यस्तै पूर्वी नेपालमा रहेका हरवाचरवाको अवस्था पनि समस्याग्रसत रहेको प्रतिवेदनले औँल्याएको छ ।

अध्ययन समितिले उनीहरूको पुनःस्थापनका लागि एकीकृत प्याकेज ल्याउनुपर्ने, अधिकार सम्पन्न आयोग गठन गर्नुपर्ने, एउटै एकीकृत गठन आदेशको व्यवस्था हुनुपर्नेलगायत सुझावसमेत सरकरालाई दिएको छ । समितिले आजै उक्त प्रतिवेदन भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारणमन्त्री शशी श्रेष्ठलाई हस्तान्तरण गरेको छ ।

### प्रतिवेदन समस्या समाधानका लागि दरिलो खुराक : मन्त्री श्रेष्ठ

मन्त्री श्रेष्ठले उक्त प्रतिवेदन मुक्त कमैया, कम्लहरी, हलिया र हरवाचरवाका समस्या समाधानका लागि दरिलो खुराक भएको बताए । उनीहरूका वास्तविक समस्या पत्ता लगाउनु आवश्यक देखेर अध्ययन टोली गठन गरिएको जानकारी दिँदै उहाँले प्रतिवेदनको आधारमा आगामी वर्षको नीति तथा कार्यक्रम एवं बजेटमा सम्बोधनका लागि प्रस्ताव बनाएर पठाइएको बताए ।

यसका साथै उनीहरूलगायत शहिद, वेपत्ता परिवार, अति सिमान्तकृत समुदायका लागि जुनियर नापि तालिम शुरु गर्नुको पछाडि पनि त्यही उद्देश्य रहेको सुनाए । पछिल्लो समयमा जग्गाधनी पूर्जा वितरणसमेतमा दलित तथा सुकुम्बासीलाई प्राथमिकता दिएको र छोटो समयमै २१ हजार बढीले पुर्जा प्राप्त गरिसकेको मन्त्री श्रेष्ठले बताए ।

मन्त्रालयका सचिव रामप्रसाद थपलियाले नागरिकले भूमि, पूँजि, रोजगारी र उद्यमशिलता चाहने भएकाले त्यसको परिपूर्तिका लागि मन्त्रालयबाट आवश्यक पहल हुने बताए । प्रतिवेदनको कुरा कार्यान्वयनका लागि मन्त्रालयले सहजीकरण गर्ने भन्दै उहाँले २२ जिल्ला पुगेर अध्ययन गरी वास्तविक अवस्थाबारे प्रतिवेदन तयार पारी हस्तान्तरण गरेकोमा समितिलाई धन्यवाद दिए ।

## तालमेलको ...

कार्यकर्तालाई फकाइरहेका छन् । ‘यो गठबन्धन परिवर्तनका लागि हो, परिवर्तनलाई बचाउनका लागि हो । यो परिवर्तनलाई जोगाउनका लागि हो । गठबन्धनका सदस्यहरूले आ-आफ्नो हैसियत, दायित्व बुझेर स्थानीय निर्वाचित र आउँदा चुनाव पनि सफल पार्नका लागि एकताबद्ध भएर जानुपर्छ, नेता पौडेलले भनेका छन् ।

उनले गठबन्धनको विरुद्धमा भन्दा पनि केपी ओलीको विरुद्धमा एक हुनुपर्ने बताएका छन् । गृहमन्त्री एवं नेपाली कांग्रेसका नेता वालकृष्ण खाँड पनि गठबन्धनको निर्णयविरुद्ध लाग्ने जोकोहीलाई पनिकारवाहीहुने बताउँछन् । ‘गठबन्धनको निर्णयविरुद्ध लाग्नेहरूलाई पार्टीले कारबाही गर्छ, तसर्थ पार्टी केन्द्रको निर्णय अनुसार नै चुनावमा खटिनुस्, नेपाली कांग्रेसको विजय सुनिश्चित छ,’ मन्त्री खाँडले भने ।

## काठमाडौं ....

छ । काठमाडौं महानगरलाई समृद्ध, सुरक्षित र जीवन्त साँस्कृतिक नगर बनाएर महानगरपालिकाको सिटी ब्रान्डिङ्ग गरेर अन्तर्राष्ट्रिय पर्यटन प्रवर्द्धन गर्ने एमालेको योजना छ ।

बौद्ध मूर्त अमूर्त सम्पदाहरुको संरक्षण तथा प्रवर्द्धन गर्न “बहाः बही संरक्षण तथा प्रवर्द्धन विकास समिति” गठन गर्ने, इन्द्रजात्रा, सेतो मछिन्द्रनाथ जात्रा, पचली भैरब जात्रा, पाँहाचह्रे पर्व लगायतका जात्रा/ पर्वहरुलाई अन्तर्राष्ट्रियकरण गर्दै विश्व सम्पदा सूचीमा सूचीकृत गर्न पहल गर्ने भनिएको छ ।

परम्परागत भवन तथा वस्ती निर्माण संहिता तयार गरी लागू गर्ने, सम्पदाहरुको अवलोकन गराई पर्यटन अभिबृद्धि गर्न “हप अन हप अफ” विद्युतीय बस सञ्चालन गर्ने प्रतिवद्धता पनि छ ।

### रेल सपना, विशेष भत्ता

एमालेले काठमाडौं महानगरबासीलाई मनोरेल, मेट्रोरेलको सपना पनि देखाएको छ । २०७४ सालको चुनावमै एमालेले मनोरेल, मेट्रोरेलको विषय उठाएको थियो । यो पटक पछि दोहोऱ्याएको हो ।

‘संघ र प्रदेशसँगको सहकार्यमा सम्भाव्य स्थलहरूमा उपयुक्त विद्युतीय बस सेवा, मनोरेल, मेट्रोरेलको रणनीति तर्जुमा गरी विकास गरिनेछ ।’ एमाले काठमाडौं महानगर कमिटीको प्रतिवद्धता छ ।

महानगरका सडक र चोकहरुमा स्मार्ट स्ट्रिट लाइट तथा हाइमास्ट जडान गर्ने, साइकल लेन तथा साइकल पार्किङ्ग निर्माण गर्ने, भर्टिकल मेकानिकल पार्किंग सिस्टमको ब्यबस्था गर्ने लगायतका प्रतिवद्धता व्यक्त गरिएको छ । यस्तै, वैदेशिक रोजगारीमा रहेका युवाहरुलाई नेपाल फर्क अभियान चलाउने योजना अगाडि सारिएको छ ।

यसका लागि ‘हामी फर्क्यौं आफ्नै घर’ कार्यक्रम सञ्चालन गर्ने प्रतिवद्धता व्यक्त गरिएको छ । वैदेशिक रोजगारीबाट नेपाल फर्किनेहरुलाई उद्यमशिलतामा ललाउन प्रेरित गर्ने उल्लेख छ ।

“हामी फर्क्यौं आफ्नै घर” कार्यक्रम अन्तर्गत वैदेशिक रोजगारीबाट फर्केका काठमाडौंका युवाहरुलाई सघन उद्यमशीलता तालिम प्रदान गरी उद्यम व्यवसाय गर्न अभिप्रेरित गरिनेछ’ प्रतिवद्धतापत्रमा उल्लेख छ ।

युवा रोजगारी तथा उद्यमशीलता प्रबर्द्धनमा जोड दिइएको प्रतिवद्धतापत्रमा “लैङ्गिक समानताको आधार : छोरी बुहारीलाई रोजगार” कार्यक्रम सञ्चालन गर्ने पनि उल्लेख छ । यस कार्यक्रम अन्तर्गत बेरोजगार परिवारका महिलालाई क्षमता तथा योग्यता अनुसारको तालिम उपलब्ध गराई रोजगारीमा पहुँच सुनिश्चित गर्ने प्रतिवद्धता व्यक्त गरिएको छ ।

नगरबासीलाई हेल्थ कार्ड वितरण गर्ने पनि एमालेको प्रतिवद्धता छ । महानगरवासीको स्वास्थ्य अवस्था पहिचानका हेल्थ कार्ड प्रणाली प्रभावकारी हुने उसको विश्वास छ ।

७५ वर्षमाथिका नागरिकलाई विशेष भन्दा दिने विषय पनि छ । ‘महानगरपालिकाले ७५ वर्षभन्दा माथिका वरिष्ठ ज्येष्ठ नागरिकहरुलाई दिदै आएको वार्षिक १२ हजार विशेष भत्ता वृद्धि गरी १८ हजार पुऱ्याइनेछ’ प्रतिवद्धतापत्रको ‘सामाजिक सेवा र सुरक्षा शीर्षक’मा राखिएको छ ।

## मतदाता...

प्रयोजनको लागि मतदाता नामावलीमा नाम दर्ता गर्न नमिल्ने व्यवस्था रहेको छ । त्यसै व्यवस्था अनुसार गत माघ २५ गते आयोगले मतदाता नामावली संकलनको काम स्थगित गरेको थियो । अब स्थानीय तहको निर्वाचन सम्पन्न भए पश्चात् मतदाता नामावली संकलन र अद्यावधिकको कार्य पुनः सुचारु भएपछि मतदाता नामावलीमा नाम दर्ता गर्न, त्रुटि सच्याउन, हटाउन, ठाउँ सार्न बाँकी रहेका व्यक्तिले सम्बन्धित निर्वाचन कार्यालयमा गई दर्ता गर्ने, त्रुटि सच्याउने लगायतका कार्य गर्न सकिने भए पनि निर्वाचन अवधिमा मतदाता नामावली सम्बन्धी कुनै पनि काम नहुने आयोगले जनाएको हो ।

**MONARCH INTERNATIONAL SCHOOL,**
**कतारमा वैदेशिक रोजगारको अवसर**

कम्पनीः MONARCH INTERNATIONAL SCHOOL शहर : DOHA
पूर्व स्वीकृत मितिः २०७९/०१/०९ चलानी नं.: ६०१७७१९४ LT. No. 260843

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Gen Clean Worker | 10 | 19 | स. काममा दक्ष | 1000 | ३३,२८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

फाइनल अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ वैशाख १२ गते (25 April 2022) मा हुनेछ ।

For Post: Cleaner (Female), Salary: 1000+300 (Food+Allowance), Duty: 8hrs/26 Days (2-4 hrs Daily Over times), Age Limit: 18-35 | अंग्रेजी सामान्य बोल्न सक्ने इच्छुक उम्मेद्वारले अनुभवको प्रमाण पत्र, हालसालै खिचेको फोटो र सक्कल राहादानी सहित कम्पनीको कार्यालय सामाखुसीमा सम्पर्क गर्नुहोला ।

छनौट भएको ३ दिन भित्र भिषा लाग्ने ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**Pokhara Recruitment (P.) Ltd.**
Sitapaila, Kathmandu, Nepal
Gov. Lic No. 1426/074/075
Tel: +977- 1- 4038186, 4038483, Mobile: 9851111199, 9817502215, 9846027924, 9741670143
Email: pokhararecruitment@gmail.com, info@pokhararecruitment.com, Web: www.pokhararecruitment.com.np

# शान्ति मिसनमा सुडान जाने सशस्त्रलाई बिदाइ



**काठमाडौं/मस**–सशस्त्र प्रहरी महानिरीक्षक पुष्पराम केसीले संयुक्त राष्ट्रसंघको अनुरोधमा शान्ति स्थापनार्थ दक्षिण सुडान जान लागेका टोलीलाई बिदाइ गरेका छन् ।सशस्त्र प्रहरी महानिरीक्षक केसीले सशस्त्र प्रहरी कर्मचारीले चेन अफ कमाण्ड, अनुशासन र सामूहिक भावनाका साथ राष्ट्र र सङ्गठनको नाम उच्च रहने गरी जिम्मेवारी निर्वाहमा जुट्ने विश्वास व्यक्त गरे । महानिरीक्षक केसीले टोलीलाई संयुक्त राष्ट्रसंघीय मिसनमा रहँदा विभिन्न देशका सुरक्षाकर्मीसँग समन्वय तथा सहकार्य गरी मानवअधिकारको उच्च सम्मान गर्दै कुनै पनि जातजाति, भाषा, धर्म र लिंग नभनी विश्वशान्ति स्थापनाको कार्यमा आआफ्नो ज्ञान, सीप र क्षमताको उच्चतम प्रयोग गर्दै उत्कृष्ट कार्यसम्पादनमा जुट्न निर्देशन पनि दिए ।

उनीहरुलाई सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षक रामशरण पौडेललगायत सशस्त्र प्रहरी बल नेपालका वरिष्ठ अधिकृतले शुभकामनासहित हार्दिक बिदाइ गरेका हुन् ।

कायम मुकायम सशस्त्र प्रहरी वरिष्ठ उपरीक्षक प्रकाश थापाको कमाण्डमा १६ जना सिनियर अधिकृत, ३९ जुनियर अधिकृत र जवान गरी १८० सशस्त्र प्रहरी कर्मचारी वैशाख १२ गते त्यसतर्फ प्रस्थान गर्नेछन् ।

# डिआइजीलाई दर्ज्यानी चिन्ह



**काठमाडौं/मस**– पदोन्नति भएका चार जना प्रहरी नायब महानिरीक्षक (डिआइजी)लाई आज दर्ज्यानी चिन्ह प्रदान गरिएको छ । नेपाल सरकार गृह मन्त्रालय (मन्त्रीस्तर)को २०७९ वैशाख ८ को निर्णयले प्रहरी वरिष्ठ उपरीक्षकबाट प्रहरी नायब महानिरीक्षक पदमा पदोन्नति भएका नलप्रसाद उपाध्याय, मोहनकुमार आचार्य, राजेन्द्रप्रसाद चौधरी र मसाउद आलम खाँलाई प्रहरी महानिरीक्षक शैलेश थापा क्षेत्रीले दर्ज्यानी चिन्हद्वारा सुशोभन गरेका हुन् ।

समारोहमा प्रहरी महानिरीक्षक थापा क्षेत्रीले पदोन्नति भएका प्रहरी नायव महानिरीक्षकलाई बधाइ दिँदै पदोन्नतिपछि प्राप्त नयाँ जिम्मेवारी र उत्तरदायित्व संगठनको श्रीवृद्धिको लागि निर्वाह गर्नुपर्ने बताए । आगामी निर्वाचन भयरहित, निष्पक्ष र विधिवत तवरले सम्पन्न गर्न आफू मातहत प्रहरी कर्मचारीको नेतृत्व गर्न पदोन्नति भएका प्रहरी नायव महानिरीक्षकलाई उनले निर्देशन दिए ।

उक्त अवसरमा पदोन्नति भएका अधिकृतको तर्फबाट मन्तव्य व्यक्त गर्दै प्रहरी नायव महानिरीक्षक नलप्रसाद उपाध्यायले संगठनमा आवद्ध सदस्यमार्फत भाइचारा र सहयोगात्मक भावनालाई बढाउँदै संगठनको श्रीवृद्धिका लागि सदैव क्रियाशील रहने प्रतिवद्धता व्यक्त गरे । समारोहमा प्रहरी अतिरिक्त महानिरीक्षक, प्रहरी नायव महानिरीक्षकलगायत वरिष्ठ प्रहरी अधिकृतको उपस्थिति रहेको थियो ।

# सदर चिडियाखानामा थपिए चिम्पु र चम्पा



**काठमाडौं/मस**– सदर चिडियाखानाले सर्वसाधारणको लागि पहिलो पटक एक जोडी चिम्पाञ्जी अवलोकन कक्षमा राखेको छ । जावलाखेलस्थित सदर चिडियाखानाले आज यहाँ पत्रकार सम्मेलनको आयोजना गरी चम्पा (पोथी) र चिम्पु (भाले) नाम गरेका एक जोडी चिम्पाञ्जी अवलोकनका लागि सार्वजनिक गरेको हो । यो एक दुर्लभ प्रजातिको वन्यजन्तु हो । चार वर्षअघि अवैध रुपमा ल्याइएका चिम्पाञ्जीलाई विसं २०७४ असोजमा केन्द्रीय अनुसन्धान ब्युरोले उद्धार गरी सदर चिडियाखानालाई दिएको हो । सोही अवसरमा वन तथा वातावरण मन्त्रालयका सचिव प्रेमनारायण कँडेल तथा राष्ट्रिय प्रकृति संरक्षण कोषका सदस्य सचिव शरदचन्द्र अधिकारीले चिडियाखाना परिसरमा चिम्पाञ्जीको नवनिर्मित घरको पनि उद्घाटन गरेका थिए ।

उक्त जनावरको जोडीलाई राजी राणा ट्रष्टको राजी राणाले वार्षिक रु १० लाख उपलब्ध गराएर अभिभावकत्व लिएका छन् । मुख्यतया अफ्रिकामा पाइने यस जनावरको प्राकृतिक वासस्थान नदीतटीय, घाँसे मैदान, वन तथा झाँडी हो । यसको औसत तौल ४० देखि ६० केजीसम्म रहेको छ ।

यसले फलफूल, रुखका बोक्रा, बीउ र फूल खाने गर्छ भने यसको गर्भाधारण अवधि आठ महिना हो भने आयु ४५ वर्ष रहेको पाइएको छ । चिडियाखानाका प्रमुख व्यवस्थापक रचना शाहले चिम्पाञ्जी अवलोकनका लागि राखेसँगै यहाँको आकर्षण बढेको भन्दै अवलोकनकर्ता बढ्ने विश्वास व्यक्त गरे ।

चिडियाखानामा ११० प्रजातिका एक हजार ६८ जनावर रहेका छन् । जहाँ मुख्य आकर्षणको रूपमा बाघ, भालु, चितुवा, रेडपाण्डा रहेका छन् । ती प्रजातिमध्ये ३३ स्थनधारी, ६१ चरा, आठ उभयचर र १७ प्रजातिका माछा छन् । नेपालमा लोप हुन लागेको भनी सूचीकृत ३८ दुर्लभ वन्यजन्तुमध्ये १५ लाई चिडियाखानाले संरक्षण गरी प्रदर्शनीमा राखेको छ ।

अब चिडियाखाना जाँदा पहिलेजस्तो टिकट काट्नको लागि लाइन बस्नुपर्दैन । अग्रिम अनलाइन टिकट काट्न सकिने व्यवस्था गरिएको छ । चिडियाखानाको वेबसाइट वा इसेवामार्फत टिकट काट्न सकिने व्यवस्था मिलाइएको व्यवस्थापकको भनाइ छ । तत्कालीन राणा प्रधानमन्त्री श्री ३ जुद्धशमशेर जङ्गबहादुर राणाले सन् १९३२ मा निजी चिडियाखानाको रूपमा स्थापना गर्नुभएको हो । विसं २०११ बाट सर्वसाधारणका लागि खुल्ला गरिएको चिडियाखाना विसं २०५२ बाट यसको व्यवस्थापनको जिम्मेवारी ३० वर्षका लागि नेपाल सरकारले राष्ट्रिय प्रकृति संरक्षण कोषलाई हस्तान्तरण गरेको हो ।

# निर्वाचनमा निजी क्षेत्रका हेलिकप्टरसमेत प्रयोग गरिने

**काठमाडौं/रासस**– सरकारले स्थानीय तहको निर्वाचनमा आवश्यक परे निजी क्षेत्रको समेत हेलिकप्टर प्रयोग गर्ने भएको छ । गृह मन्त्रालयले यही वैशाख ३० गते देशभर एकैसाथ हुन लागेको स्थानीय तहको निर्वाचनको सुरक्षा व्यवस्था मिलाउन आवश्यक परे निजी क्षेत्रको हेलिकप्टरसमेत प्रयोग गर्ने भएको हो ।

गृह मन्त्रालयमा आज सरकारका प्रतिनिधि र वायुसेवा सञ्चालक सङ्घमा आबद्ध विभिन्न एयरलाइन्सका प्रतिनिधिहरुसँग बसेको बैठकमा सडक नपुगेका दुर्गम स्थानमा मतपत्र ढुवानी, मतदान क्षेत्रमा सुरक्षाको प्रबन्ध तथा मत पेटिकाको ओसारपसारमा निजी क्षेत्रको हेलिकप्टर प्रयोग गर्नेबारे छलफल भएको हो ।

स्थानीय निर्वाचनलाई स्वच्छ, निष्पक्ष र धाँधलीरहित तरिकाले सम्पन्न गर्न सबै प्रकारको सुरक्षाको चाँजोपाँजो मिलाउनका लागि आवश्यक परेमा हवाई सेवा पनि तत्काल उपलब्ध हुनेगरी तैनाथ अवस्थामा राख्न बैठक बसिएको मन्त्रालयका प्रवक्ता फणीन्द्रमणि पोखरेलले जानकारी दिए ।

बैठकले ‘स्थानीय तह निर्वाचनका लागि सुरक्षा व्यवस्था मिलाउने प्रयोजनमा हेलिकप्टर सेवालाई प्राथमिकताका आधारमा प्रयोग गर्ने’ निर्णय गरेको छ । निर्वाचन सुरक्षामा निजी हेलिकप्टर प्रयोग गर्दा वायुसेवा सञ्चालक सङ्घले मिलाएको पालोका आधारमा गरिने प्रवक्ता पोखरेलले बताए ।

# मदन भण्डारी र जीवराज आश्रितको शालिक तोडफोड





**हेटौंडा/मस**– हेटौंडा उपमहानगरपालिका -९ मा निर्माणधीन दिव्य बाल उद्यानमा तोडफोड भएको छ ।

बिहीबार राति अज्ञात समूहले पार्कमा रहेको मदन भण्डारी र जीवराज आश्रितको शालिक तोडफोड गरेको हो ।

शुक्रबार बिहान पार्कमा मर्निङ्वाक गर्न आएका स्थानीयले शालिक तोडफोड भएको देखेपछि पार्क व्यवस्थापन समितिलाई खबर गरेका थिए ।

मदन भण्डारीको शालिकको शिर भाँचेर केही तल खोलामा फालिएको र आश्रितको पूरै शालिक उखेलेर फालिएको अवस्थामा रहेको थियो । पार्कमा रहेका अन्य संरचना भने यथावत रहेको बताइएको छ ।

मदन भण्डारी फाउण्डेसनले हेटौँडा उपमहानगरपालिका-९ मा निर्माण हुँदै गरेको जननेता मदनकुमार भण्डारी र जीवराज आश्रितको शालिक तोडफोड भएको घटनाप्रति गम्भीर ध्यानाकर्षण भएको जनाएको छ ।

फाउण्डेसनका सचिव पेम्बा लामाले विज्ञप्ति जारी गरेर लोकतान्त्रिक र सामाजिक रुपान्तरणको आन्दोलनमा होमिएबापत मृत्यु वरण गर्नुपरेका दुई लोकप्रिय नेताका नाममा स्थापित संरचनालाई क्षति पुर्‍याउनु विकृत मानसिकता र अलोकतान्त्रिक व्यवहार भएको उल्लेख गरेका हुन् ।

विज्ञप्तिमा लोकतन्त्रको उच्चतम् अभ्यासका रुपमा रहेको स्थानीय तह निर्वाचनको प्रक्रिया सुरु भएसँगै भएको यो घटनाले लोकतान्त्रिक शक्तिलाई चुनौती दिएको अनुभूति भएको जनाउँदै घटनाको छानबिन गरी दोषीलाई कारबाही गर्न माग गरिएको छ ।

## कतारमा रोजगार अवसर

कम्पनी : SOUQ WAQIF BOUTIQUE HOTEL
शहर: DOHA

पूर्व स्वीकृत मिति:२०७९/०१/०९ चलानी नं.: ६०१७८३१३ LT. No.: 261933

| सि. नं. | कामदारको पद | माग संख्या | | न्यूनतम योग्यता | मासिक तलब | | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | | QR | ने. रू. | | | | | | | |
| 1. | Cooker | 3 | 0 | सम्बन्धित काममा दक्ष | 1500 | ४९,९२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Gen Clean Worker | 3 | 1 | | 1200 | ३९,९३६ | | | | | | | |
| 3. | Waiter | 2 | 1 | | 1500 | ४९,९२० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ बैशाख १७ गते (30 April 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नुहोला ।

श्रम इजाजत पत्र नं.: ५७२/०६२/०६३

साउन्डलाईन्स रिक्रुटमेण्ट प्रा.लि.
पो.ब.नं. २४७८०, ताच्चिखेल-१४, महालक्ष्मीस्थान चोक (लुम्बीनी बैंक पछाडी), ललितपुर
फोन: ०१-५१९३२३६, ५१९३२३७, ५१९३२३८, ५१९३२३९
E-mail : nepal@soundlinesgroup.com

## कतारमा रोजगारको अवसर

कम्पनी : DANA CLUB
शहर: DOHA

पुर्व स्वीकृत मिति: २०७९/०१/०९ चलानी नं.: ६०१७८३५६ LT. No.: 262145

| सि. नं. | कामदारको पद | माग संख्या | | न्यूनतम योग्यता | मासिक तलब | | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | | QR | ने. रू. | | | | | | | |
| 1. | Driver | 3 | 0 | स. काममा दक्ष | 1500 | ४९,९२० | क.नि अनुसार | ८ घण्टा | ६ दिन | क.नि अनुसार | छ | छ | २ वर्ष |
| 2. | Gen Clean Worker | 5 | 0 | | 1000 | ३३,२८० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ वैशाख १७ गते (30 April 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

श्रम इजाजत पत्र नं.: ३३७/०५९/०६०

लाईफ लाईन ओभरसिज प्रा. लि.
गोगंबु, काठमाडौं, नेपाल, फोन नं. ०१-५९०४२८८, ५९०४५२२, ५९०३६४१
Drop your CV at cv@lifelineoverseas.com, recruit@lifelineoverseas.com, yam@lifelineoverseas.com

## Qatar मा रोजगारको अवसर

१. कम्पनी : MOSAIC CONTRACTING.
शहर : DOHA

पूर्व स्वीकृत मिति: २०७९/०१/०९ चलानी नं.: ६०१७८२४३ LT. No.: 261902

| सि. नं. | कामदारको पद | माग संख्या | | न्यूनतम योग्यता | मासिक तलब | | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | | QR | ने. रू. | | | | | | | |
| 1. | Electric Tech | 2 | 0 | सम्बन्धित काममा दक्ष | 1100 | २६,६०८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Foreman | 1 | 0 | | 2500 | ८३,२०० | | | | | | | |
| 3. | Labourer | 6 | 0 | | 1000 | ३३,२८० | | | | | | | |
| 4. | Plumber | 2 | 0 | | 1100 | २६,६०८ | | | | | | | |
| 5. | Plumber Assistant | 1 | 0 | | 1100 | २६,६०८ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७९ वैशाख १७ गते (30 April 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

Om International Human Resources Pvt. Ltd.
Lic No.: 1437/074/075, Basundhara, Kathmandu, Nepal Tel : 01-4363646
Mob.: 9851003367, 9813995098, 9815872827

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**तेस्रो पटक प्रकाशित मिति: २०७९/०१/१०**

**हा हा क्यास प्रा.लि.**को मिति २०७८/१०/२३ गते सम्पन्न विशेष साधारण सभाको बैठकको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **हा हा मिडिया हाउस प्रा.लि. (प्रा.लि. नं.: २०५९२९)** कायम गर्ने गरी मिति २०७८/११/०६ गतेको निर्णय अनुसार श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृती प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबै को जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

**प्रकाशित मिति: २०७९/०१/१०**

यस कार्यालयमा मिति २०७२/१०/१८ मा दर्ता भएको दर्ता नं. १४४७२८ को **म्याट्रिक्स इलेक्ट्रोनिक्स प्रा.लि** नामक कम्पनी यस कार्यालयको मिति २०७९/०१/०५ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ (१) बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## साउदीमा रोजगारको अवसर

कम्पनी: WINDOWS TECHNOLOGY PLANT
शहर: RIYADH

पूर्व स्वीकृत मिति:२०७९/०१/०९ चलानी नं.:६०१७८३१६ LT. No.: 262029

| सि. नं. | कामदारको पद | माग संख्या | | न्यूनतम योग्यता | मासिक तलब | | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | | SR | ने. रु. | | | | | | | |
| 1. | General Labour | 3 | 0 | स. काममा दक्ष | 1000 | ३२,४१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता केन्द्रीय कार्यालय काठमाडौंमा २०७९ वैशाख १७ गते (30 April 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

OMEGA POWER MINDS PVT.LTD. Govt. Lic. No. 1178/073/074
साबिक: Taiba Rise Management PVT.LTD
Omnagar-9, Sinamangal, Kathmandu, Tel.: 01-4111316. Email:taiba.rise@gmail.com

## कुवेतमा वैदेशिक रोजगार अवसर

कम्पनी : AL-AYSH INTERNATIONAL GROUP FOR GENERAL TRADING & CONTRACTING CO. W.L.L. शहर : KUWAIT

पूर्व स्वीकृत मिति: २०७८/१२/११ चलानी नं.: ६०१७६५७८ LT. No.: 260372 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या | | न्यूनतम योग्यता | मासिक तलब | | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | | KD | ने. रू. | | | | | | | |
| 1. | Cashier | 0 | 47 | सम्बन्धित काममा दक्ष | 150 | ६०,१२१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Cleaner | 62 | 0 | | 85 | ३४,०६८ | | | | | | | |
| 3. | Security Guard | 48 | 0 | | 130 | ५२,१०५ | | | | | | | |

नोट: प्री इन्टरभ्यु धमाधम भइ रहेको छ। प्री इन्टरभ्युमा सहभागी हुनेलाइ मात्र फाइनल इन्टरभ्युमा सामेल गरिने छ।

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ वैशाख १७ गते (30 April 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

